महाबु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गैडाबाज, दैलेख

कर्णाली प्रदेश नेपाल

Website: www.mahabumun.gov.np
Email: mahabugaupalika74@gmail.com

प.स. - २०८०/०८१
च.नं.- 1302

मिति : २०८१।०१।३१

श्री महाबु गाउँपालिका
वडा कार्यालय सबै ।

विषय : बस्तीस्तरबाट योजना छनौट गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा स्थानीय तहको वार्षिक योजना कार्यक्रम तथा बजेट प्रत्येक वर्ष असार १० गतेभित्र पेश गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था रहेको सबैमा जानकारी नै छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहले आफ्नो क्षेत्राधिकार भित्र स्थानीय स्तरको योजना बनाई लागु गर्नुपर्ने कानूनी व्यवस्था तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ (३) अनुसार स्थानीय तहले असार १० गतेभित्र आगामि आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सभामा पेश गर्नुपर्ने कानुनी व्यवस्था रहेको जानकारी नै छ ।

स्थानीय तहको योजना तर्जुमा दिगदर्शन, २०७८ अनुसार स्थानीय तहमा बजेट निर्माणका विभिन्न चरणहरु रहेका छन्। वार्षिक बजेट तथा योजना तर्जुमा वस्तीस्तरदेखी गाउँसभाको बैठकसम्म विभिन्न चरणहरु पार गर्नुपर्ने हुन्छ । तहाँ वडा अन्तर्गतको बजेट सीमा (Budget Celling) भित्र रहेर वस्ती/टोल बैठकको कार्यतालिका तयार गरी जिम्मेवारी बाँडफाँड गरी वडा अन्तर्गतका विभिन्न वस्तीहरुबाट आवश्यकता तथा औचित्यका आधारमा आगामी वर्षका लागि योजना तथा कार्यक्रमहरु छनोट गरि जेठ १५ गते भित्र वडा समितिमा पेश गर्नहुन र यसरी वस्ती/टोलस्तरबाट प्राप्त गरिएका आयोजना कार्यक्रम विषय क्षेत्रअनुसार छुट्याएर विषयगतरुपमा प्राथमिकता निर्धारण गरी जेष्ठ २० गतेभित्र बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्न अनुरोध छ । साथै स्थानीय तहको बजेट निर्माणका विभिन्न चरणहरु रहेको स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन, २०७८ को सम्बन्धित दफाहरु यसै पत्रसाथ संलग्न राखि इमेल गरी पठाइको छ ।

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत